नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स:-४२३२२६२
४२११६५५
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-१.१/प्र./२०७९/०८०/१(१)२
चलानी नं. १४३४

मितिः- २०८०/०२/१०

विषयः- <u>विवरण उपलब्ध गराउने (पुनः ताकेता) सम्बन्धमा</u> ।

श्री सबै महाशाखा/शाखा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल ।
श्री सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँबानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (सूचना प्रविधि शाखा) सिंहदरबारको प.सं. २०७९/०८० च.नं. सु.प्र./५३४/६५२४ मिति २०८०/०२/०२ को पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ । सो सम्बन्धमा तहाँ र अन्तर्गतका निकायहरुका कार्यालयहरुले नयाँ वेबसाइट सञ्चालनमा ल्याउँदा पुरानो वेबसाईट बन्द नगरी चालू नै राखेको सन्दर्भमा १५ (पन्ध्र) दिन भित्र उक्त पुराना वेबसाईट हटाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ । साथै उक्त निर्णयको कार्यान्वयनको अवस्थाको विवरण **<u>३ (तीन) दिन भित्र पुनः ताकेता गर्न नपर्ने गरी</u>** उक्त कार्यालयमा उपलब्ध गराउनु हुन मिति २०८०/०२/१० को निर्णयानुसार अनुरोध छ ।

(अर्जुन पौडेल)
शाखा अधिकृत

<u>बोधार्थः-</u>
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(सूचना प्रविधि शाखा) सिंहदरबार ।
कम्प्यूटर अधिकृत श्री चित्र बहादुर चौहानः- **<u>Website मा Upload गर्नुहुन ।</u>**

---

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(सूचना प्रविधि शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-०७९/०८०
च.नं.: - सु.प्र./५३४/६५२४

मितिः २०८०/०२/०२

विषयः <u>विवरण उपलब्ध गराउने पुनः ताकेता सम्बन्धमा।</u>

श्री सबै मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको मिति २०७९/१२/०८, च.नं. ४७३५ को पत्र मार्फत तहाँ मन्त्रालय तथा अन्तर्गतका विभाग र कार्यालयले नयाँ वेबसाइट सञ्चालनमा ल्याउँदा पुरानो वेबसाइट बन्द नगरी चालू नै राखेको सन्दर्भमा पन्ध्र दिनभित्र उक्त पुराना वेबसाइट हटाउने व्यवस्था हुन प्रेषित पत्रको व्यहोरा अवगतै छ । उक्त निर्णय कार्यान्वयनको अवस्थाको विवरण सात दिन भित्र यस कार्यालयलाई उपलब्ध गराउनहुन मिति २०८०/०१/१३, च.नं. ५९१२ मा पत्राचार भएकोमा हालसम्म केही निकायबाटमात्र जवाफ प्राप्त भएकाले सबै निकायबाट पुरानो वेबसाइट हटाई पुनः ताकेता गर्नु नपर्ने गरी जानकारी गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

..................
(मनिष भट्टराई)
सूचना प्रविधि निर्देशक

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np